**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 28.06.2024**

**समाचार हरिकुमार राईबाट सुन्नुहोस्।**

**Governor-Asar 15: Rajbhavan Release**

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्यले राज्यवासीलाई असार 15 को हार्दिक शुभकामना दिनुभएको छ। उहाँले आफ्नो सन्देशमा भन्नुभएको छ, "म सिक्किमका जनतालाई, विशेष गरी हाम्रा किसान दाजुभाइ-दिदीबहिनीहरूलाई असार 15 को अवसरमा हार्दिक शुभकामना दिन चाहन्छु। असार 15 को पर्व सांस्कृतिक महत्त्वसँग जोडिएको छ। यो पर्व परम्परा, कृषि र धान रोपाइका लागि मात्र होइन, यसले हाम्रो समाजमा कृषि र किसानको महत्त्वलाई पनि दर्शाउँछ। यो पर्वले सबैमा सुख, समृद्धि र खुसीयाली ल्याओस् भन्ने कामना गर्दछु।"

**CM-attends funeral of former MP: IPR**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज राज्यका प्रथम निर्वाचित लोकसभा सांसद स्वर्गीय पहलमान सुब्बाको पैतृकस्थल सोरेङको टिम्बरबुङ पुगी उहाँलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभयो। अन्त्येष्टी कार्यक्रममा मुख्यमन्त्री लगायत विधानसभा अध्यक्ष, विधानसभा उपाध्यक्ष, क्याबिनेट मन्त्रीहरू, विधायकगण, भूतपूर्व मन्त्री र विधायकहरू, सोरेङका जिल्लापल, अतिरिक्त जिल्लापाल, पुलिस अधीक्षक, जिल्ला अधिकारीहरू र अन्य गण्यमान्य व्यक्तिहरू हुनुहुन्थ्यो। मुख्यमन्त्रीले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभयो। पूर्व सांसदको दोस्रो IRB बटालियनद्वारा गार्ड अफ अनरका साथ औपचारिक अन्त्येष्टि गरियो। श्री तामाङले आफ्नो आधिकारिक फेसबुक पेजमा भन्नुभएको छ, "सिक्किमबाट पहिलो निर्वाचित सांसद रहेका सम्मानित व्यक्तिको स्मृतिलाई सम्मान गर्नु पाउनु मेरा निम्ति गौरवपूर्ण क्षण हो।"

**Former MLAs Sangh condoles: Bishnu Neupane**

भूतपूर्व सांसद स्वर्गीय पहलमान सुब्बाको निधनप्रति पूर्व विधायक परिसङ्घ, सिक्किमले गहिरो शोक व्यक्त गरेको छ। आज परिसङ्घको कार्यालयमा बसेको शोकसभाले स्वर्गीय सुब्बाको निधनले सिक्किमलाई अपूरणीय क्षति पुगेको बताएको छ। स्वर्गीय सुब्बाले राजनीतिमा मात्र नभई राज्यलाई आफ्ना अनुभवका कृतिहरू दिएर गएको पनि सङ्घले स्मरण गराएको छ। परिसङ्घले स्वर्गीय सुब्बाको आत्मा शान्तिको कामना गर्दै, शोकाकुल परिवारप्रति समवेदना व्यक्त गरेको छ।

## Expenditure Observers: IPR

आम निर्वाचन 2024 का लागि गान्तोक जिल्ला अन्तर्गत अन्तिम लेखा मिलाप बैठक आज जिल्ला भवनमा सम्पन्न भयो। बैठकको उद्देश्य चुनावी अभियानको पारदर्शिता र निष्पक्षताका लागि राजनीतिक दलहरूलाई आम निर्वाचनको खर्चको प्रतिवेदन निर्वाचन पर्यवेक्षक र जिल्ला निर्वाचन अधिकारीसमक्ष समयमै बुझाउनेबारे जानकारी गराउनु रहेको थियो। भारतीय निर्वाचन आयोगको दिशानिर्देशअनुसार उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको 30 दिनभित्र आफ्नो खर्चको रिपोर्ट सम्बन्धित अधिकारीलाई बुझाउनुपर्छ। भारतीय निर्वाचन आयोगले चुनाव खर्चको अनुगमन गरेर उम्मेदवार र राजनीतिक दलहरूलाई आफ्नो सम्पत्ति प्रयोग गरी चुनावको नतिजालाई प्रभाव पार्नबाट रोक्न मद्दत गर्छ।

## Pakyong-Gyalsing account reconciliation meeting: IPR

त्यसै गरी, वेस्ट पाण्डाम, रिनाक, छुजाचेन, नाथाङ-माचोङ र नाम्चेबोङ विधानसभा क्षेत्रका उम्मेदवार र निर्वाचन अभिकर्तासँग अन्तिम लेखा मिलाप बैठक आज जिल्ला प्रशासनिक केन्द्र पाकिममा सम्पन्न भयो। प्रक्रियामा रिपोर्ट गरिएको खर्च रकम र उम्मेदवारहरूको वास्तविक खर्चबीचको भिन्नता पहिचान गर्न विस्तृत अनुमान कार्य पनि समावेश थियो। गेजिङमा पनि जिल्ला निर्वाचन अधिकारीको छानबिन प्रतिवेदन र सारांश प्रतिवेदन तयारीका लागि लेखा मेलमिलाप बैठक आज जिल्ला प्रशासनिक केन्द्र राब्देन्चीमा सम्पन्न भयो। यस मिलाप बैठकले उम्मेदवारहरूले पेश गरेको वित्तीय प्रतिवेदनमा पारदर्शिता र शुद्धता सुनिश्चित गर्न महत्त्वपूर्ण कदमको भूमिका खेल्छ।

## Dzongu Road Condition: Wangchuk Bhutia

सेनाको इन्जिनियर त्रिशक्ति कोरले देतखोलास्थित बेली पुल निर्माण गरेपछि लोअर जङ्गु जाने बाटो आज खोलिएको छ। त्यसै गरी ङन जङगुको सडक पनि आज सुचारु भएको छ। टिस्टा नदी पारी फिदाङमा बेली पुल बनेपछि फिदाङ गाउँबाट अप्पर जङ्गुको लिङदोङसम्म हल्का सवारी साधन आवतजावत गर्न सकिन्छ। तर पहिरो खसेको लिङदोङ सडक अझै खुल्न सकेको छैन।

## HWC-SHC Basilakha: Ajay Thami

पाकिम जिल्ला अन्तर्गतको बसिलाखा स्वास्थ्य उपकेन्द्रलाई राष्ट्रिय गुणस्तर आश्वासन मानकले योग्य ठहराउँदै मान्यता दिएको छ। यो केन्द्रसँगै तुम्लाबुङ स्वास्थ्य उपकेन्द्र र कार्जी स्वास्थ्य उपकेन्द्र पनि गुणस्तर प्रमाणपत्रका लागि योग्य रहेका छन्। बसिलाखा उपकेन्द्र गत वर्ष जिल्ला स्तरमा, जनवरी 2024 मा राज्य स्तरमा र अहिले राष्ट्रिय स्तरमा योग्य बनेको छ।